नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(............................ शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति : २०७३।०४।२०

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" बाट पद वहालीको क्रममा सम्वन्धित मन्त्रालय एवम् निकायहरुलाई दिनुभएको निर्देशन

१. पहिचानको क्रममा रहेका गरिब घरपरिवारहरुको पहिचान कार्य सम्पन्न गरी उनिहरुको जीवनस्तर उकास्न "गरिबका लागि सरकार" नामक विशेष अभियान संचालन गरी आय आर्जन, शिक्षा, स्वास्थ्य, वीमा, तालिम र प्रविधि हस्तान्तरण, रोजगार तथा स्वरोजगार, बैंक तथा बजारसँग एकीकरण र खाद्यसुरक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

२. भूकम्पबाट प्रभावित ३१ जिल्लाहरुमा प्रभावित ५ लाख ३३ हजार परिवारहरुलाई अनुदानको पहिलो किस्ता आगामी ४५ दिन भित्र वितरण गर्ने र पुनः निर्माण कार्यलाई शिघ्रातिशिघ्र कार्यान्वयन गर्ने गराउने ।

३. चिकित्सक नपुगेका प्राथमिक स्वास्थ्य केन्द्रहरुमा आगामी ३ महिना भित्र चिकित्सक पठाइ सक्ने साथै जिल्ला तथा सोभन्दा माथिल्ला स्तरका सरकारी अस्पतालहरुले एकै छाता भित्र सबै सुविधा दिने नीति अन्तर्गत गुणस्तरीय औषधी उपलब्ध गराउन औषधि कक्ष यसै आ.व. देखि संचालन गर्ने ।

४. नेपाल भरका दलित र कर्णालीमा नवजात शिशुको जन्मदर्ता गर्न स्याद भित्र आउने परिवारलाई प्रोत्साहन स्वरुप रु १,००० दिने ।

२०७३।०४।२०
विनोद बहादुर कुँवर
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np